# प्रसारित र वितरण गरिएको शुक्रबारको खुत्बा

## १८ मुहर्रम १४४८ हिजरी, तदनुसार ३ जुलाई २०२६ ईस्वी

## लागुऔषध (मादक पदार्थ) र मादक पेयहरूको खतराबाट सावधान

सबै प्रशंसा अल्लाहकै लागि हो, जसले मानवलाई सृष्टि गर्नुभयो, उसलाई बुद्धि प्रदान गरी सम्मानित बनाउनुभयो, र ईमानद्वारा उसको मर्यादा बढाउनुभयो। म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन। उहाँ एक मात्र हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। उहाँले हामीलाई सदाचार, भलाइ र उपकार गर्न आदेश दिनुभएको छ, र अवज्ञा, पाप तथा बुद्धि र शरीरलाई हानि पुऱ्याउने प्रत्येक कुराबाट निषेध गर्नुभएको छ। र म साक्षी दिन्छु कि हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र रसूल हुनुहुन्छ। उहाँलाई स्पष्ट प्रमाणहरू, मार्गदर्शन र सत्य-असत्य छुट्याउने दिव्य शिक्षासहित पठाइएको हो। अल्लाहको दया, शान्ति र बरकत उहाँमाथि, उहाँका परिवारमाथि, उहाँका प्रतिष्ठित र ज्ञानवान सहाबीहरूमाथि तथा उनीहरूलाई सदाचारका साथ अनुसरण गर्ने सबैमाथि रहोस्।

**अब त्यसपछि:**

अल्लाहसँग डर मान्नुहोस्, जो हृदयका सबै गोप्य कुरा जान्नुहुन्छ। निःसन्देह, उहाँको तक्वा (ईश्वरभक्ति) नै आखिरतका लागि तयार गरिने सबैभन्दा उत्तम पूँजी हो—त्यो दिन, जब कयामत अत्यन्त निकट हुनेछ, र भयका कारण मानिसहरूको हृदय घाँटीसम्म आइपुग्नेछ। त्यो दिन धन-सम्पत्ति र सञ्चित खजानाले कुनै लाभ दिनेछैन। सर्वशक्तिमान अल्लाहले भन्नुभएको छ:

{وَتَزَوَّدُوا فَإِنَّ خَيْرَ الزَّادِ التَّقْوَى وَاتَّقُونِ يَاأُولِي الْأَلْبَابِ} [البقرة: 197]

“र (आखिरतको यात्राका लागि) आवश्यक सामग्री जुटाओ। निश्चय नै सबैभन्दा उत्तम सामग्री तक्वा हो। अनि हे बुद्धिमानहरू हो! मसँग डर मान।” (सूरह अल-बक़रह: १९७)

**हे अल्लाहका बन्दाहरू:** मानवजातिले कति धेरै विपत्ति, दुःख, परीक्षा र विनाशहरूको सामना गरिरहेको छ। यी सबैले मानवताको शक्ति कमजोर बनाएका छन्, यसको आधारलाई हल्लाइदिएका छन्, नैतिक मूल्यहरूलाई तहसनहस पारेका छन्, र यसको सम्पत्तिलाई नष्ट गरेका छन्। यी सबै विपत्तिहरूमध्ये सबैभन्दा ठूलो र सबैभन्दा खतरनाक विपत्तिहरूमध्ये एक

हो मादक पेय र लागुऔषध (मादक पदार्थ) को महामारी। आज यसको सामना गर्नु संसारभरका जनता र सरकारहरूको साझा चिन्ताको विषय बनेको छ। यसले धेरै समाजहरूलाई गम्भीर रूपमा प्रभावित गरेको छ, र यसको कारण अपराध तथा पापका कार्यहरू व्यापक रूपमा फैलिएका छन्।

निस्सन्देह, मादक पेय र लागुऔषधहरूका असंख्य हानिहरू छन्। यी विनाश र बर्बादीका कारण हुन्, सर्वशक्तिमान अल्लाहको क्रोध निम्त्याउने माध्यम हुन्, र मानिसलाई नरकतर्फ डोऱ्याउने अन्धकारमय मार्ग हुन्। अल्लाहले भन्नुभएको छः

{وَلَا تَقْتُلُوا أَنْفُسَكُمْ إِنَّ اللَّهَ كَانَ بِكُمْ رَحِيمًا} [النساء: 29]

"आफ्नो ज्यान आफैं नमार। निश्चय नै अल्लाह तिमीहरूमाथि अत्यन्त दयालु हुनुहुन्छ।" (सूरह अन्-निसा: २९), र अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णन गरिएको छ कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«لَا يَزْنِي الزَّانِي حِينَ يَزْنِي وَهُوَ مُؤْمِنٌ، وَلَا يَشْرَبُ الْخَمْرَ حِينَ يَشْرَبُهَا وَهُوَ مُؤْمِنٌ» [أَخْرَجَهُ الْبُخَارِيُّ وَمُسْلِمٌ]

"व्यभिचार गर्ने व्यक्ति व्यभिचार गरिरहेको बेला पूर्ण ईमानको अवस्थामा हुँदैन, र मदिरा पिउने व्यक्ति मदिरा पिइरहेको बेला पनि पूर्ण ईमानको अवस्थामा हुँदैन।" (यो हदीस इमाम बुखारी र इमाम मुस्लिमले वर्णन गरेका छन्।), मादक पदार्थहरूले मानिसको बुद्धि र धर्मलाई बिगार्छन्। तिनले मानिसलाई घृणित र लज्जास्पद कार्यतर्फ धकेल्छन् र समाजमा अपमानित तथा तिरस्कृत अवस्थासम्म पुऱ्याउँछन्। यी कारणले कति धनसम्पत्ति नष्ट भएका छन्! कति मानिसहरूको जीवन बिग्रिएको छ! कति क्षमता र ऊर्जा खेर गएका छन्! कति बहुमूल्य समय व्यर्थ भएको छ? हेर्नुहोस्, यिनकै कारण कति सवारी दुर्घटनाहरू भएका छन्, कति बलात्कार र चोरीजस्ता अपराधहरू बढेका छन्! कति बालबालिका टुहुरा भएका छन्! कति शत्रुता र वैमनस्य फैलिएको छ! कति सम्मानित र प्रतिष्ठित परिवारहरूले अपमान र कलङ्क भोग्नुपरेको छ! कति मानिसहरूको शिर लज्जाले झुकेको छ, र कति व्यक्तिहरू अपमानित भएका छन्? यही कारणले इस्लामी शरीअतले यस्ता वस्तुहरूबाट कडा रूपमा सावधान गराएको छ, र आजको प्रत्यक्ष यथार्थले पनि त्यस चेतावनीलाई पूर्ण रूपमा सत्य प्रमाणित गरेको छ।

**हे नैतिकताको अनुयायी समुदाय!** यति घातक विष र विनाशकारी पदार्थहरूतर्फ कुनै बुद्धिमान मानिस कसरी अग्रसर हुन सक्छ, जबकि तिनका हानिहरू अत्यन्त धेरै छन्—धार्मिक, सामाजिक, आर्थिक र स्वास्थ्यसम्बन्धी सबै पक्षमा, अल-हसन अल-बसरी (रहिमहुल्लाह) ले भन्नुभएको छः

(لَوْ كَانَ الْعَقْلُ يُشْتَرَى لَتَغَالَى النَّاسُ فِي ثَمَنِهِ، فَالْعَجَبُ مِمَّنْ يَشْتَرِي بِمَالِهِ مَا يُفْسِدُهُ)

“यदि बुद्धि किनबेच गर्न पाइने वस्तु हुन्थ्यो भने मानिसहरूले त्यसको मूल्य अत्यन्त महँगो तिर्थे। त्यसैले आश्चर्य लाग्छ, आफ्नो धन खर्च गरेर आफ्नै बुद्धिलाई नष्ट गर्ने वस्तु किन्ने मानिसलाई”

**हे अल्लाहका बन्दाहरू!** जब मानिसले आफ्नो बुद्धि गुमाउँछ, तब ऊ भ्रष्ट बन्छ, अत्याचार गर्छ, विनाश फैलाउँछ, सीमा नाघ्छ र अरूलाई पनि हानि पुऱ्याउँछ। यही नै सबै खराबीहरूको मूल र सबैभन्दा ठूलो खतरा हो।

सही मार्गदर्शक खलिफा उथमान इब्न अफ्फान (रज़ियल्लाहु अन्हु) ले भन्नुभएको छः

(اجْتَنِبُوا الْخَمْرَ؛ فَإِنَّهَا أُمُّ الْخَبَائِثِ، إِنَّهُ كَانَ رَجُلٌ مِمَّنْ خَلَا قَبْلَكُمْ تَعَبَّدَ، فَعَلِقَتْهُ امْرَأَةٌ غَوِيَّةٌ، فَأَرْسَلَتْ إِلَيْهِ جَارِيَتَهَا، فَقَالَتْ لَهُ: إِنَّا نَدْعُوكَ لِلشَّهَادَةِ، فَانْطَلَقَ مَعَ جَارِيَتِهَا حَتَّى أَفْضَى إِلَى امْرَأَةٍ وَضِيئَةٍ؛ عِنْدَهَا غُلَامٌ وَبَاطِيَةُ خَمْرٍ، فَقَالَتْ: إِنِّي وَاللَّهِ مَا دَعَوْتُكَ لِلشَّهَادَةِ، وَلَكِنْ دَعَوْتُكَ لِتَقَعَ عَلَيَّ، أَوْ تَشْرَبَ مِنْ هَذِهِ الْخَمْرَةِ كَأْسًا، أَوْ تَقْتُلَ هَذَا الْغُلَامَ. قَالَ: فَاسْقِينِي مِنْ هَذَا الْخَمْرِ كَأْسًا. ظَنًّا مِنْهُ أَنَّ الْخَمْرَ أَهْوَنُهَا. فَسَقَتْهُ كَأْسًا، قَالَ: زِيدُونِي، فَلَمْ يَرِمْ حَتَّى وَقَعَ عَلَيْهَا وَقَتَلَ النَّفْسَ، فَاجْتَنِبُوا الْخَمْرَ؛ فَإِنَّهَا وَاللَّهِ لَا يَجْتَمِعُ الْإِيمَانُ وَإِدْمَانُ الْخَمْرِ إِلَّا لَيُوشِكُ أَنْ يُخْرِجَ أَحَدُهُمَا صَاحِبَهُ) [أَخْرَجَهُ النَّسَائِيُّ، وَصَحَّحَهُ الْأَلْبَانِيُّ]

“मदिराबाट टाढा रहोस, किनकि यो सबै दुष्कर्महरूको जननी हो। तिमीहरूभन्दा अघिका मानिसहरूमध्ये एकजना अत्यन्त इबादत गर्ने व्यक्ति थिए। एक दुष्ट महिलाले आफ्नी दासीमार्फत उनलाई बोलाई। दासीले भनिन्, ‘हामी तपाईंलाई एउटा साक्षीको कामका लागि बोलाउँदैछौँ।’ उनी दासीसँग गए। त्यहाँ पुग्दा उनले एउटी सुन्दरी महिला, एउटा बालक र मदिराले भरिएको भाँडो देखे। महिलाले भनिन्, ‘अल्लाहको कसम! मैले तपाईंलाई साक्षीका लागि होइन, तर यी तीनमध्ये एउटा काम गर्न बोलाएकी हुँ—मसँग व्यभिचार गर्नु, वा यो मदिराको एक प्याला पिउनु, वा यो बालकलाई मार्नु।’ उनले सोचे कि यीमध्ये मदिरा पिउनु सबैभन्दा हल्का पाप हो, त्यसैले भने, ‘मलाई एउटा प्याला मदिरा देऊ।’ उनले मदिरा पिए।

त्यसपछि फेरि मागे। अन्ततः उनी नशामा परे, त्यस महिलासँग व्यभिचार गरे र त्यो बालकलाई पनि हत्या गरे। त्यसैले मदिराबाट टाढा रहो। अल्लाहको कसम! ईमान र मदिराको लत एउटै हृदयमा लामो समयसम्म सँगै रहँदैनन्; चाँडै तीमध्ये एउटाले अर्कोलाई बाहिर निकालिदिन्छ।'' (इमाम नसाईले वर्णन गरेका छन् र मुहम्मद नासिरुद्दीन अल-अलबानी ले यसलाई सही (प्रामाणिक) ठहर गर्नुभएको छ।)

**हे इस्लामका दाजुभाइहरू!** मदिराभन्दा पनि अझ बढी हानिकारक वस्तुहरू विभिन्न प्रकारका लागुऔषधहरू हुन्—चाहे ती चक्कीको रूपमा हुन्, नशा ल्याउने धुलो (पाउडर) को रूपमा हुन् वा सुईद्वारा प्रयोग गरिने मादक पदार्थका रूपमा। यिनले इस्लामी शरीअतले संरक्षण गर्न आदेश दिएका पाँच आधारभूत आवश्यकताहरूलाई नष्ट गर्छन्: बुद्धि, धन, इज्जत (मान-प्रतिष्ठा), धर्म र जीवन। इब्न तैमिय्या (रहिमहुल्लाह) ले भन्नुभएको छ:

(إِنَّ الْحَشِيشَةَ حَرَامٌ، يُحَدُّ مُتَنَاوِلُهَا كَمَا يُحَدُّ شَارِبُ الْخَمْرِ، وَهِيَ أَخْبَثُ مِنَ الْخَمْرِ؛ مِنْ جِهَةِ أَنَّهَا تُفْسِدُ الْعَقْلَ وَالْمِزَاجَ، حَتَّى يَصِيرَ فِي الرَّجُلِ تَخَنُّثٌ وَدِيَاثَةٌ، وَغَيْرُ ذَلِكَ مِنَ الْفَسَادِ، وَأَنَّهَا تَصُدُّ عَنْ ذِكْرِ اللَّهِ).

''हशीश (नशालु पदार्थ) हराम हो। यसको सेवन गर्नेलाई मदिरा पिउने व्यक्तिलाई जस्तै सजाय दिइन्छ। यो मदिराभन्दा पनि बढी खराब छ, किनकि यसले बुद्धि र स्वभावलाई बिगार्छ, मानिसलाई नैतिक पतनतर्फ लैजान्छ र अनेक प्रकारका भ्रष्टाचार फैलाउँछ। साथै यसले मानिसलाई अल्लाहको स्मरणबाट पनि टाढा बनाउँछ।''

यो कुरा सत्य र उचित हो। किनकि शरीअतमा मदिरालाई हराम ठहर गर्नुले सबै प्रकारका मादक पेय र लागुऔषधहरूलाई पनि हराम ठहर गर्दछ।

अब्दुल्लाह इब्न उमर (रज़ियल्लाहु अन्हुमा) बाट वर्णन गरिएको छ कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«كُلُّ مُسْكِرٍ خَمْرٌ، وَكُلُّ مُسْكِرٍ حَرَامٌ». [أَخْرَجَهُ مُسْلِمٌ].

''हरेक नशा लाग्ने वस्तु मदिरा हो, र हरेक नशा लाग्ने वस्तु हराम हो।''

(यो हदीस इमाम मुस्लिमले वर्णन गरेका छन्)

**हे मानिसहरू!** जब हामी यस विपत्तिका कारणहरू खोज्छौँ, तब यसको मूल कारणहरू कमजोर ईमान, शैतानको प्रभाव, घातक खाली समय, प्रशस्त धनको दुरुपयोग, खराब संगत, अन्धो अनुकरण र आफ्ना इच्छाहरूको पछ्याइमा रहेको पाउँछौँ। कविले भनेका छन्:

إِنَّ الشَّبَابَ وَالْفَرَاغَ وَ الْجِدَهْ مَفْسَدَةٌ لِلْمَرْءِ أَيُّ مَفْسَدَهْ

"युवावस्था, खाली समय र प्रशस्त धन = (यी तीनै कुरा) मानिसका लागि ठूलो विनाशको कारण बन्छन्।"

यसका अन्य कारणहरूमध्ये एउटा आमाबुबाले आफ्ना सन्तानप्रति बेवास्ता गर्नु पनि हो। जब बालबालिकालाई उचित निगरानी र मार्गदर्शन बिना छोडिन्छ, उनीहरू दुष्ट र मूर्ख व्यक्तिहरूको संगतमा हुर्कन्छन् र अन्ततः आफ्ना लागि तथा आफ्ना परिवारका लागि दुःख र विनाश निम्त्याउँछन्।

अब्दुल्लाह इब्न उमर (रज़ियल्लाहु अन्हुमा) बाट वर्णन गरिएको छ कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«وَالرَّجُلُ رَاعٍ عَلَى أَهْلِ بَيْتِهِ، وَهُوَ مَسْؤُولٌ عَنْ رَعِيَّتِهِ» [أَخْرَجَهُ الْبُخَارِيُّ وَمُسْلِمٌ]

"घरपरिवारको जिम्मेवारी पुरुषमाथि हुन्छ, र उसलाई आफ्नो जिम्मामा रहेका मानिसहरूको बारेमा सोधिनेछ।" (यो हदीस इमाम बुखारी र इमाम मुस्लिमले वर्णन गरेका छन्।)

त्यसैले, जो कोही लागुऔषधको दलदलमा फसेका छन्, उनीहरूले अल्लाहसँग डर मानून्। पृथ्वी र आकाशका पालनहारको सामु उपस्थित हुनुपर्ने दिनलाई सम्झून्। ढिलो नगरी यस पापलाई तुरुन्तै त्यागून् र सच्चा तौबा (पश्चात्ताप) गरून्। किनकि अहिले पनि तौबाको अवसर उपलब्ध छ, यसको ढोका अझै खुला छ। धेरै ढिलो नगर्नुहोस्; नत्र पश्चात्ताप र पीडाको अवस्थामा पुग्न सक्नुहुन्छ, जहाँ पछुताउनु बाहेक केही बाँकी रहनेछैन, तर त्यस बेला पछुतोले कुनै लाभ दिनेछैन।

यो कुरा राम्ररी जानिराख्नुहोस् -अल्लाहले तिमीहरूको रक्षा गरून्- ।कि यी घातक मादक पदार्थहरूको कारणले हुने प्रत्येक हिंसात्मक कार्य, गुम्ने प्रत्येक ज्यान, नष्ट हुने प्रत्येक सम्पत्ति र बिग्रने प्रत्येक स्वास्थ्यको पापमा ती पदार्थहरूको बिक्री-वितरण र प्रचार गर्नेहरू पनि बराबरका भागीदार हुन्छन्। उनीहरू समाजमा भ्रष्टाचार फैलाउने साधन बनेका छन्। इब्लीसले

उनीहरूलाई देश र जनतालाई बिगार्नका लागि प्रयोग गरिरहेको छ। त्यसैले उनीहरू पापी हुन् र संसार तथा आखिरत दुवैमा सजायका अधिकारी हुन्।

त्यसैले उनीहरूले अल्लाहसँग डर मानून् र त्यो अल्लाहको चेतावनी सम्झून्, जसले आफ्नो वाचा कहिल्यै उल्लङ्घन गर्नुहुन्न। उहाँले भन्नुभएको छः

{إِنَّ الَّذِينَ يُحِبُّونَ أَنْ تَشِيعَ الْفَاحِشَةُ فِي الَّذِينَ آمَنُوا لَهُمْ عَذَابٌ أَلِيمٌ فِي الدُّنْيَا وَالْآخِرَةِ وَاللَّهُ يَعْلَمُ وَأَنْتُمْ لَا تَعْلَمُونَ} [النور: 19]

“निश्चय नै जो मानिसहरू ईमानवालाहरूका बीचमा अश्लीलता फैलियोस् भन्ने चाहन्छन्, उनीहरूका लागि संसार र आखिरत दुवैमा पीडादायी सजाय छ। अल्लाह जान्नुहुन्छ, तर तिमीहरू जान्दैनौ।” (सूरह अन्-नूर: १९).

जब केवल अश्लीलता फैलियोस् भन्ने इच्छा राख्ने व्यक्तिका लागि यति कठोर चेतावनी छ, तब त्यसको प्रत्यक्ष कारण बन्ने व्यक्तिको अवस्था कति गम्भीर होला?.

अल्लाहले मलाई र तपाईंहरू सबैलाई कुरआन र सुन्नत मार्फत बरकत प्रदान गरून्। तिनमा रहेका मार्गदर्शन र ज्ञानद्वारा मलाई र तपाईंहरू सबैलाई लाभान्वित गरून्। मैले भन्नुपर्ने कुरा भनेँ। अब म आफ्ना लागि, तपाईंहरूका लागि र सम्पूर्ण मुस्लिम उम्मतका लागि अल्लाहसँग क्षमा याचना गर्दछु। त्यसैले तपाईंहरू पनि उहाँसँग क्षमा माग्नुहोस्। निःसन्देह, उहाँ अत्यन्त क्षमाशील र असीम कृपालु हुनुहुन्छ।.

## दोस्रो खुत्बा

सबै प्रशंसा अल्लाहकै लागि हो। म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन। साथै, म साक्षी दिन्छु कि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त, उहाँका रसूल तथा उहाँद्वारा चयन गरिएका महान् सन्देशवाहक हुनुहुन्छ। अल्लाहको दया, शान्ति र बरकत उहाँमाथि, उहाँका परिवारमाथि, उहाँका सहाबीहरूमाथि तथा उहाँलाई प्रेम गर्ने र उहाँको मार्ग अनुसरण गर्ने सबैमाथि रहोस्।.

**अब त्यसपछिः**

अल्लाहसँग साँचो तक्वा (ईश्वरभक्ति) अपनाउनुहोस्। सर्वशक्तिमान अल्लाहले भन्नुभएको छः

{وَمَنْ يَتَّقِ اللَّهَ يُكَفِّرْ عَنْهُ سَيِّئَاتِهِ وَيُعْظِمْ لَهُ أَجْرًا} [الطلاق: 5]

“र जसले अल्लाहसँग डर मान्छ, अल्लाहले उसका पापहरू मेटाइदिनुहुन्छ र उसको प्रतिफललाई महान् बनाइदिनुहुन्छ।” (सूरह अत्-तलाक: ५)

**हे अल्लाहका बन्दाहरू!** यो कुरा जानिराख्नुहोस् कि लागुऔषध वा मदिराको लतमा परेकाहरूलाई बचाउने धेरै उपायहरू छन्, र अल्लाहको कृपाले प्रभावकारी माध्यमहरू पनि धेरै छन्। तीमध्ये सबैभन्दा प्रभावकारी उपाय भनेको लतमा परेका व्यक्तिको धार्मिक चेतना र ईमानलाई बलियो बनाउनु हो। यही धार्मिक चेतनाले गर्दा मदिरा निषेध गर्ने आयत अवतरण हुनेबित्तिकै मदीनाका सडकहरूमा मदिरा नदीझैँ बगाइएको थियो। किनकि अल्लाहले यसको निषेध गर्दै यसबाट पूर्ण रूपमा टाढा रहन आदेश दिनुभएको थियो। उहाँले भन्नुभएको छ:

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا إِنَّمَا الْخَمْرُ وَالْمَيْسِرُ وَالْأَنْصَابُ وَالْأَزْلَامُ رِجْسٌ مِنْ عَمَلِ الشَّيْطَانِ فَاجْتَنِبُوهُ لَعَلَّكُمْ تُفْلِحُونَ* إِنَّمَا يُرِيدُ الشَّيْطَانُ أَنْ يُوقِعَ بَيْنَكُمُ الْعَدَاوَةَ وَالْبَغْضَاءَ فِي الْخَمْرِ وَالْمَيْسِرِ وَيَصُدَّكُمْ عَنْ ذِكْرِ اللَّهِ وَعَنِ الصَّلَاةِ فَهَلْ أَنْتُمْ مُنْتَهُونَ} [المائدة: ٩٠ – ٩١]

“हे ईमानवालाहरू! निश्चय नै मदिरा, जुवा, मूर्तिका लागि चढाइने बलि र भाग्य हेर्ने प्रयोग गरिने तीरहरू शैतानका अपवित्र कामहरू हुन्। त्यसैले तिनबाट टाढा रहो, ताकि तिमीहरू सफल हुन सकौ। शैतानले मदिरा र जुवामार्फत तिमीहरूबीच वैरभाव र द्वेष उत्पन्न गर्न, तथा तिमीहरूलाई अल्लाहको स्मरण र नमाजबाट रोक्न चाहन्छ। अब तिमीहरू रोकिन्छौ कि रोकिन्नौ”? (सूरह अल्-माइदा: ९०-९१)

त्यसपछि मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले एक उद्घोषकलाई घोषणा गर्न आदेश दिनुभयो:

«أَلَا إِنَّ الْخَمْرَ قَدْ حُرِّمَتْ». [مُتَّفَقٌ عَلَيْهِ مِنْ حَدِيثِ أَنَسٍ رَضِيَ اللهُ عَنْهُ]

“सुन! निश्चय नै अब मदिरा हराम (निषिद्ध) गरिएको छ।” (सहीह अल-बुखारी र सहीह मुस्लिम; अनस इब्न मालिक (रज़ियल्लाहु अन्हु) को रिवायत (यो हदीस इमाम बुखारी र इमाम मुस्लिमलाई अनस इब्न मालिक (रज़ियल्लाहु अन्हु) बाट वर्णित गरेका छन्।).

र अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित एक हदीसमा, जसलाई शुऐब अल-अर्नाउत ले हसन (राम्रो) ठहर गर्नुभएको छ, सहाबीहरूले भने:

«انْتَهَيْنَا رَبَّنَا»

“हे हाम्रा पालनहार! हामी रोकियौँ (हामीले तपाईंको आदेश स्वीकार गर्यौँ)।”

यो उनीहरूले कुरआनको यस आदेशको पूर्ण पालनस्वरूप भनेका थिए:

{فَهَلْ أَنْتُمْ مُنْتَهُونَ}

“अब तिमीहरू रोकिन्छौ कि रोकिन्नौ”?

महत्त्वपूर्ण उपायहरूमध्ये अर्को उपाय यो पनि हो कि लतमा परेका व्यक्तिलाई भ्रष्ट र दूषित वातावरण तथा खराब संगतबाट टाढा राख्नु, र उसलाई असल तथा धर्मपरायण मानिसहरूको संगतमा ल्याउनु हो, जसले उसलाई तौबा (पश्चात्ताप) गर्न र धर्ममा दृढतापूर्वक अडिग रहन सहयोग गरून्। साथै, लतमा परेका व्यक्तिहरूको उपचारका लागि सही र प्रभावकारी उपायहरू अपनाउनु तथा उनीहरूको समय उपयोगी र लाभदायक कामहरूमा व्यतीत गराउनु पनि अत्यन्त आवश्यक छ। सर्वशक्तिमान अल्लाहले भन्नुभएको छ:

{فَمَنْ تَابَ مِنْ بَعْدِ ظُلْمِهِ وَأَصْلَحَ فَإِنَّ اللَّهَ يَتُوبُ عَلَيْهِ إِنَّ اللَّهَ غَفُورٌ رَحِيمٌ} [المائدة: 39]

“जसले आफ्नो अत्याचारपछि तौबा गर्छ र आफ्नो आचरण सुधार्छ, निश्चय नै अल्लाहले उसको तौबा स्वीकार गर्नुहुन्छ। निःसन्देह, अल्लाह अत्यन्त क्षमाशील र असीम कृपालु हुनुहुन्छ।” (सूरह अल्-माइदा: ३९) .

–हे अल्लाहका बन्दाहरू– हामीले गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयका दाजुभाइहरूले गरेका प्रशंसनीय प्रयासहरू पनि बिर्सनु हुँदैन। गृह मन्त्रालयले यी घातक मादक पदार्थहरूको ओसारपसार र फैलावट रोक्न, तिनका बिक्री-वितरण गर्नेहरूलाई पक्राउ गर्न तथा उनीहरूमाथि कडा र निवारक कारबाही गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। त्यसैगरी, स्वास्थ्य मन्त्रालयले लागुऔषधको लतमा परेका व्यक्तिहरूलाई संरक्षण गर्दै उनीहरूलाई उपचार र पुनर्स्थापना (पुनर्वास) कार्यक्रममा सहभागी गराई, उनीहरूलाई पुनः सामान्य र स्वस्थ जीवनतर्फ फर्काउने कार्य गरिरहेको छ। त्यसैले, यदि कसैलाई यस्तो अवस्थाको कुनै व्यक्ति बारे जानकारी छ भने, उसलाई उपचार तथा पुनर्स्थापना केन्द्रमा पठाउन सम्बन्धित निकायलाई तुरुन्त जानकारी गराउनुपर्छ। उसलाई लागुऔषध र मादक पदार्थको विनाशकारी चक्रमा डुबिरहन दिनु हुँदैन।.

**हे अल्लाह!** हामीलाई आफ्नो हलालद्वारा हरामबाट जोगाइदिनुहोस्, र आफ्नो अनुग्रहले तपाईंबाहेक अरू कसैको आवश्यकता नपर्ने बनाइदिनुहोस्।

**हे अल्लाह!** हाम्रो हृदयमा ईमानप्रति प्रेम उत्पन्न गरिदिनुहोस् र त्यसलाई हाम्रो हृदयमा सुन्दर बनाइदिनुहोस्। कुफ्र, अवज्ञा र पापप्रति हाम्रो मनमा घृणा पैदा गरिदिनुहोस्, र हामीलाई सत्य मार्गमा चल्नेहरूमा समावेश गरिदिनुहोस्। **हे अल्लाह!** इस्लाम र मुसलमानहरूलाई सम्मान र शक्ति प्रदान गर्नुहोस्। शिर्क र त्यसका अनुयायीहरूलाई अपमानित गर्नुहोस्। आफ्नो धर्म, आफ्नो किताब, आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत तथा आफ्ना ईमानदार बन्दाहरूलाई सहायता प्रदान गर्नुहोस्। **हे अल्लाह!** सबै मुस्लिम पुरुष र मुस्लिम महिलाहरू, ईमानदार पुरुष र ईमानदार महिलाहरू—जीवित र दिवंगत सबैलाई क्षमा प्रदान गर्नुहोस्। **हे अल्लाह!** हाम्रो अमीर र उनका उत्तराधिकारीलाई आफ्नो मार्गदर्शनमा सफलता प्रदान गर्नुहोस्। उनीहरूका सबै कार्यहरूलाई आफ्नो आज्ञापालन र आफ्नो प्रसन्नताअनुसार सफल बनाइदिनुहोस्। र यस देशलाई सुरक्षित, शान्त, समृद्ध र सम्पन्न बनाइराख्नुहोस्—यसलाई सुरक्षा र ईमानको भूमि बनाइदिनुहोस्। साथै, संसारभरिका सबै मुस्लिम देशहरूलाई पनि शान्ति, सुरक्षा र समृद्धि प्रदान गर्नुहोस्।

**जुमाको नमाजको लागि खुतबा तयार गर्ने समिति**